महाभारत गाउँपालिका
Mahabharat Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
देविटार, काभ्रेपलाञ्चोक
Devitar, Kavrepalanchok
स्था: २०७३ / Estd. : 2073
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


प. सं./Letter No.:- ०८२/८३ च. नं./Ref. No.:- 282

मितिः २०८२/०७/१२
ने.सं.११४६ कछलागा ७,बुधवार।

**सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना !!!**

महाभारत गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०५/१६ गतेको निर्णयानुसार रिक्त रहेको देहायको पदसंख्या र योग्यता भएको कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व दाखिला गरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनुहुन आव्हान गरिन्छ । म्याद नाघी आएको र रित नपुगेको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । दरखास्त फाराम यस महाभारत गाउँपालिकाको वेभसाईट www.mahabharatmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/०८२-०८३ | जनस्वास्थ्य अधिकृत | सातौं | १ | १२००/- |
| २ | ०२/०८२-०८३ | मनोसामाजिक परामर्शकर्ता | सहायक स्तर पाँचौ | १ | १०००/- |
| ३ | ०३/०८२-०८३ | रिटर्नी स्वयंसेवक | श्रेणी विहिन | १ | ५००/- |
| ४ | ०४/०८२-०८३ | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | ५००/- |
| ५ | ०५/०८२-०८३ | हलुका सवारी चालक | श्रेणी विहिन | १ | ५००/- |

**१. परीक्षाको किसिमः** प्रारम्भिक सूची निर्धारण,लिखित तथा अन्तरवार्ता

**२. आवश्याक शैक्षिक योग्यता र न्युनतम कागजातहरुः**

- विज्ञापन नं. ०१/०८२-०८३ को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह उतीर्ण गरी NHPC मा दर्ता भएको ।
- विज्ञापन नं. ०२/०८२-०८३ को लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। सो योग्यता निम्नानुसार रहेको छः
    - मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्ता विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उतीर्ण गरेको ।
    - मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।
    - कम्प्युटरसम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word,Excel,Powerpoint,Email/Internet आदि) भएको नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।
- विज्ञापन नं. ०३/०८२-०८३ को लागि न्युनतम कक्षा ८ उतिर्ण गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तिमा १ बर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई विशेष प्राथमिकता दिईनेछ
- विज्ञापन नं. ०४/०८२-०८३ को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE वा सो सरह उतीर्ण गरेको ।



Scanned with CamScanner

महाभारत गाउँपालिका
Mahabharat Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
देविटार, काभ्रेपलाञ्चोक
Devitar, Kavrepalanchok
स्था: २०७३ / Estd.: 2073
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प. सं./Letter No.:- ०८२/८३ च. नं./Ref. No.:- २८२

- विज्ञापन नं. ०५/०८२-०८३ को लागि साधारण लेखपढ गरेको र सवारी चालक अनुमति पत्र प्राप्त गरेको।
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभए को,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

**३. उम्मेदवारको उमेर हद:-** विज्ञापन नं. ०१/०८२-०८३ को लागि दरखास्त दिने अन्तिम मितिसम्म पुरुषको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको अन्य विज्ञापनको हकमा दरखास्त दिने अन्तिम मितिसम्म पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

**४. दरखास्त दिने अन्तिम मिति:-** २०८२।०७ २६ गते र सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म।

**५. दरखास्त बुझाउने स्थान/माध्यम:-** महाभारत गाउँ कार्यपालिकाको कार्यालय,देविटार-६,प्रशासन शाखा। अनलाईन मार्फत आबेदन पेश गर्नको लागि सम्पुर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि,राजस्व जम्मा गरेको भौचर र दरखास्त फाराम Scan गरी Pdf फाईल बनाएर गाउँपालिकाको इमेल ito.mahabharatmun@gmail.com मा पठाउन सकिनेछ।

**६. सेवा शर्तहरु तथा तलब सुविधा:-** गाउँपालिकाको प्रचलित नियमानुसार।

**७. काम गर्नुपर्ने स्थान:-** महाभारत गाउँपालिकाको कार्यालय

**८. दरखास्त दस्तुर:-** गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०९३०५३६२१४७०३००५ लक्ष्मी सनराईज बैंक महाभारत शाखामा दाखिला गर्नुपर्ने।

**९. परीक्षा मिति:-** प्रारम्भिक सूची निर्धारण गर्दा प्रकाशन गरिनेछ

राम बहादुर तामाङ
प्रमुख प्रशासकीय अधिकृत

URL: www.mahabharatmun.gov.np Phone No.: 9866294010 E-mail: ito.mahabharatmun@gmail.com

Scanned with CamScanner